नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग

अरुण ४ जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०७६/०७/२८

प्रदेश नम्बर १ को संखुवासभा जिल्ला भोटखोला गाउँपालिका र मकालु गाउँपालिकामा विद्युत विकास विभागद्वारा निम्न बमोजिमको अरुण ४ जलविद्युत आयोजनाको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	विद्युत विकास विभाग, सानोगौचरण, काठमाण्डौ, फोन नम्बर : ०१-४४११०७४, ०१-४४११५३७, ०१-४४३४११९, फ्याक्स नम्बर: ०१-४४४३९०३, इमेल: info@doed.gov.np, वेबसाइट : www.doed.gov.np
प्रस्तावको व्यहोरा	नदी प्रवाहमा आधारित (RoR) मोडल अनुसार निर्माण गरिने ४९०.२ मेगावाट क्षमताको अरुण ४ जलविद्युत आयोजनाको लागि समुद्री सतहबाट करीब १०७२ मिटरको उचाईमा भोटखोला गाउँपालिका वडा नं ४ र ५ स्थित अरुण नदी र लेक्सुवा खोलाको दोभान भन्दा करीब १३० मिटर दक्षिण तथा कपासे र गोला बस्ती भन्दा उत्तर तर्फ १२ मि. उचाईको बाँध बाँधी अरुण नदीको पानीलाई २.५५७ कि. मी. लामो सुरुङ्गको माध्यमद्वारा भोटखोला गाउँपालिका वडा नं ४ को लामीवगरमा भूमिगत डिसेन्डर (Desander) मा खसालिने छ । सो स्थानबाट पानीलाई पुनः मकालु गाउँपालिका वडा नं ३ हुदै ६.८२४ कि.मी. लामो सुरुङ्गको माध्यमद्वारा सजुवाबेसीमा अवस्थित भूमिगत विद्युत गृहमा खसालि ४७३.४ मिटर लामो टेलरेस सुरुङ्गको माध्यम मार्फत अरुण नदीमा पुनः खसालिने छ । मकालु-बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा समेत रहेको उक्त आयोजनाको धरैजसो संरचनाहरु नदीको दायाँतर्फ प्रस्ताव गरिएको छ । आयोजनाको संरचनाका कारण तथा अरुण नदीमा पानीको बहाव कम भई प्रभावित हुने वडाहरुमा भोटखोला गाउँपालिका, वडा नं ४ र ५ तथा मकालु गाउँपालिका, वडा नं. ३ र ४ रहेका छन ।
प्रभाव पर्न सक्ने जिल्ला/ गाउँपालिका	संखुवासभा जिल्ला, भोटखोला गाउँपालिका वडा नं ४ र ५ र मकालु गाउँपालिका वडा नं. ३ र ४

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

प्रस्तावकको नाम र ठेगाना
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
विद्युत विकास विभाग, सानोगौचरण, काठमाण्डौ
फोन नम्बर : ०१-४४११०७४, ०१-४४११५३७, ०१-४४३४११९, फ्याक्स नम्बर: ०१-४४४३९०३
इमेल : info@doed.gov.np,
वेबसाइट: www.doed.gov.np

परामर्शदाताको नाम र ठेगाना
फिचनर-सिल्ट-इन्साइट जोइन्ट भेन्चर,
रातोपुल, काठमाण्डौ
फोन नम्बर :०१-४४८७५९८, ०१-४४७५१३५
इमेल : info@silt.com.np/silt@mos.com.np